# तुर्माखाँद राजपत्र

तुर्माखाँद गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८ संख्या ६ मिति २०८१ असार १५ गते

## भाग २

## तुर्माखाँद गाउँपालिकाको सूचना

तल उल्लिखित ऐन सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ दफा २४ (५) तथा यस गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यबिधि २०७५ को दफा ९ (२) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:

### सम्बत् २०८१ को ऐन नं.६

### मर्मत संभार कोष संञ्चालन कार्यविधि,२०८१

**<u>प्रस्तावना:</u>** भौतिक पुर्वाधार विकासको आधार हो। सामाजिक र आर्थिक क्षेत्रको विकासको लागि सडक, सिचाई भवन जस्ता पुर्वाधारहरुले

महत्वपुर्ण भुमिका खेलेको हुन्छ। सर्वसुलभ यातायत, सिचाईको पहुच ग्रामिण क्षेत्रसम्म पुर्याउने गाउँपालिकाको लक्ष्य पनि हो। गाउँ क्षेत्रमा सडकहरुको ट्र्याक खन्ने कार्य बढ्दो छ र बनिसकेको सडकमा यातायात सुचारु गर्नका लागि तथा सुरक्षित र भरपर्दो यात्राका लागि सडक मर्मत गर्नुपर्ने हुन्छ। तसर्थ सडक, सिंचाई,भवन जस्ता पूर्वाधारको मर्मतलाई व्यवस्थित र दोगो बनाउनका लागि मर्मत सम्भार कोष स्थापना गर्न वाच्छनिय भएकोले,

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि तुर्माखाँद गाउँपालिकाको १५ औ गाउँ सभाको मिति:२०८१।०३।०९ गते यो कार्यविधि बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारंभः

(क) यो कार्यविधिको नाम “ मर्मत संभार कोष सञ्चालन कार्यविधि २०८१” रहने छ ।

(ख) यो कार्यविधि तत्काल लागु हुनेछ ।

२. परिभाषाः

(क) “कार्यविधि” भन्नाले मर्मत संभार कोष सञ्चालन कार्यविधि २०८१ लाई बुझाउने छ ।

(ख) गाउँपालिका" भन्नाले तुर्माखाँद गाउँपालिकालाई बुझाउने छ ।

(ग) अध्यक्ष" भन्नाले तुर्माखाँद गाउँपालिका अध्यक्षलाई बुझाउने छ ।

(घ) "उपाध्यक्ष" भन्नाले तुर्माखाँद गाउँपालिका उपाध्यक्ष बुझाउने छ ।

(ङ) " **प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले तुर्माखाँद गाउँपालिका प्रमुख प्रशासकिय अधिकृतलाई बुझाउने छ ।

(च) " **व्यवस्थापन समिति"** भन्नलाले तुर्माखाँद गाउँपालिकाको टोल बस्ति क्षेत्रमा सञ्चालन हुने आयोजना बाट प्रत्यक्ष सेवा पुग्ने समुहबाट उक्त योजना तथा आयोजना सञ्चालन गर्ने बनेको संगठन,समिति/संस्था भन्ने भुझाउने छ ।

## परिच्छेद-२

३. <u>व्यवस्थापन समितिः</u>

(क) मर्मत संम्भार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले सञ्चालन गर्न देहाय बमोजिमको

मर्मत सम्भार कोष व्यवस्थापन समिति रहनेछ ।

(१) गाउँपालिका अध्यक्ष - संयोजक

(२) पुर्वाधार विकास समितिको संयोजक - सदस्य

(३)वन,वातावरण तथा विपद् व्यवस्थापन समितिक संयोजक-सदस्य

(४) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(५) गाउँसभा सदस्यहरु मध्यबाट एक जना महिला सहित अध्यक्षले तोकेको २ जना सद्स्य- सदस्य

(६)प्राविधिक शाखा प्रमुख - सदस्य सचिव

(ख) समितिको बैठक कम्तिमा २ महिनामा एकपटक बस्नेछ तर आवश्यक परेमा संयोजकको आदेश बमोजिम जुनसुकै समयमा पनि बैठक बस्न सक्ने छ।

(ग) बैठक भत्ता प्रचलित ऐन कानुन बमोजिम हुनेछ।

(घ) बैठकमा आवश्यकता अनुसार संयोजकले तोकेको कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सकिने छ।

तुर्माखाँद गाउँपालिका

## परिच्छेद-३

४. **कोष स्थापनाः**

मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिनेछ जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

(क) नेपाल सरकारबाट प्राप्त अनुदानमध्ये गाउँसभाबाट विनियोजित रकम

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदानमध्ये गाउँसभाबाट विनियोजित रकम ।

(ग) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरुबाट प्राप्त भई कार्यपालिकाबाट स्वीकृत विनियोजित रकम ।

(घ) गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने भौतिक पूर्वाधार विकास सम्बन्धि योजना तथा आयोजनाहरुको भुक्तानि रकमको १.५ प्रतिशतले हुन आउने रकम ।

(ङ) गाउँसभाबाट स्वीकृत भई प्राप्त भएको ऋण रकम।

(च) अन्य स्थानिय तहबाट मर्मत सम्भार वापत प्राप्त हुने रकम।

(छ) गाउँसभा तथा कार्यपालिकाबाट निर्णय भई विनियोजन भएका रकमहरु।

५. <u>कोष संञ्चालनः</u>

(क) कोषको नाममा प्राप्त हुन आएको रकम तुर्माखाँद गाउँपालिकाको नाममा मर्मत सम्भार कोष खाता खोलि जम्मा गरिनेछ।

(ख) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृत वा आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट संञ्चालन गरिनेछ।

(ग) कोषको आन्तरिक लेखा परिक्षण आन्तरिक लेखा परिक्षण शाखाले गर्नेछ।

(घ) कोषको अन्तिम लेखा परिक्षण प्रचलित कानून बमोजिम म.ले.नि.का बाट हुनेछ।

## परिच्छेद-४

६. मर्मत संम्भार कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको पूर्वाधार विकासकोमर्मत संम्भारको नियमित,पटके



तुर्माखाँद गाउँपालिका

र आकस्मिक मर्मत संम्भार सम्बन्धि कार्यमा मात्र खर्च गरिनेछ ।

(क) सडक, कल्भर्ट ,पुल,ढल, तटबन्धन,सिचाई, खानेपानी,विद्युत,भवन,सार्वजनिक स्थंल आदीको मर्मत संभार सम्बन्धि कार्यमा खर्च गर्ने ।

(ख) एक आयोजनामा अधिकतम रु १ लाख सम्मको मर्मत खर्च रकम संयोजकले तत्काल सोझै खरिद गर्न भुक्तानि दिन सक्नेछ ।

(ग) १ लाख देखि १० लाख सम्मको व्यवस्थापन समितिले खरिद गर्न सक्ने ।

(घ) १० लाख भन्दा माथि समितिको सिफारिसमा कार्यपालिकाबाट निर्णय भई खरिद गर्न सक्नेछ ।

(ङ) प्राविधिक शाखाको लागत अनुमान र प्रतिवेदन प्राप्त भए पश्चात मात्र खरिद प्रकृया अगाडी बढनेछ ।

(च) कार्य सम्पादन पश्चात प्राविधिक शाखाको मुल्याङ्कन सम्बन्धि, अनुगमन समितिको अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र

मर्मत संभार रकम भुक्तानी हुनेछ ।

(छ) मर्मत संभार कोषको रकम प्रशासनिक खर्च, अनुदान , आर्थिक सहायता जस्ता शिर्षकमा खर्च गर्न पाइने छैन ।

७. **<u>मर्मत संभारका लागि छनौटको मापदण्डः</u>**

वडा कार्यालय,उपभोक्ता समिति, विद्यालय व्यवस्थापन समिति,स्थानिय हाटबजार व्यवस्थापन समितिबाट नियमित, पटके वा आवधिक मर्मत संभारका लागि एकिकृत वार्षिक कार्यक्रममा समावेश भई माग भई आएका र गाउँपालिकाले आवश्यक ठानेका देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नु पर्ने छ ।

(क) सबै भन्दा बढि क्षति भएका भौतिक संरचनाहरुको प्राविधिक प्रतिबेदन आधारमा ।

(ख) भौतिक संरचना तथा पुर्वाधारको महत्वको आधारमा ।

(ग) गाउँपालिकाद्वारा तयार भएको योजना बैंक तथा मुख्य सडकहरुको महत्वको आधारमा ।

(घ) लाभान्भित हुने जनसंख्या वा घरधुरिको आधारमा ,

(ङ) मर्मत संभारबाट हुने आर्थिक लाभको आधारमा,

(च) सार्वजनिक भौतिक संरचनाको दिर्घकालिन उपयोगिता र आवश्यकताको आधारमा,

(छ) दुई वा दुई भन्दा बढि स्थानिय तहलाई जोड्ने सडक, ग्रामिण सडक,पुल पुलेसा,कल्भर्ट,कुलो पैनि,बाँध सम्बन्धमा आदि,

(ज) गाउँपालिकाले आवश्यक ठानेका सार्वजनिक स्थानहरुमा ।

८. <u>मर्मत संभार कार्य गराउने व्यवस्थाः</u>

गाउँ पालिका भित्र रहेका भौतिक संरचनाहरुको नियमित मर्मत संभार,पटके मर्मत संभार, आवधिक मर्मत संभार स्थानिय उपभोक्ताबाट अधिकतम रुपमा स्थानिय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा संञ्चालन गरिने छ ।गाउँक्षेत्र भित्र रहेको भौतिक संरचना नियमित मर्मत संभार ,पटके मर्मत संभार,आवधिक मर्मत संभार,आकास्मीक मर्मत संभार प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद-५

९. <u>शंसोधन वा खारेजीः</u>

(क) मर्मत संभार कोष संञ्चालन कार्यविधि,२०८१ शंसोधन वा

खारेजी गर्नु परेमा गाउँ कार्यपालिकाबाट हुनेछ ।

(ख) यो कार्यविधिमा उल्लेख गरिएका कुराहरुको हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन,२०७४ सँग बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

**प्रमाणीकरण मिति २०८१।०३।१६**

**आज्ञाले**

**चक्रदेव भट्ट**

**नि.प्रमुख प्रशासकीय अधिकृत**

तुर्माखाँद गाउँपालिका